

# सिंचाइ गतिविधि

वर्ष २४ अंक ३ (पूर्णाङ्क ८०) www.doi.gov.np चैत्र २०७३- असार २०७४

## समाचार

### ६४ औं सिंचाइ बार्षिकोत्सव उल्लासका साथ सम्पन्न



२०७३ चैत्र २५ गते विशेष समारोहको आयोजना गरी ६४ औं सिंचाइ बार्षिकोत्सव तथा सिंचाइ दिवस २०७३ सम्पन्न भयो । सिंचाइ विभागको सभाकक्षमा आयोजना गरिएको मूल समारोह स्थलमा निवर्तमान माननीय सिंचाइ मन्त्री श्री दीपक गिरीबाट बिरुवामा जल सिंचाइ गर्दै उक्त कार्यक्रमको उद्घाटन गर्नु भएको थियो । माननीय सिंचाइ मन्त्री श्री गिरीले प्रमुख अतिथिको आसनबाट बोल्दै सिंचाइ क्षेत्रको विकासमा यस क्षेत्रमा लागेका उच्च व्यक्तित्वहरुको योगदानको कदर गर्नु भयो । साथै अब आउने चुनौतीपूर्ण लक्ष्य हासिल गर्न यस क्षेत्रमा संलग्न सबै कर्मचारी तथा विज्ञहरुले उच्च मनोवलका साथ सिंचाइ क्षेत्रको समग्र विकास कार्यमा लाग्ने अपेक्षा समेत व्यक्त गर्नु भयो । विशेष अतिथिको आसनबाट बोल्दै माननीय सिंचाइ राज्य मन्त्री श्रीसुरेन्द्र राज आचार्यले आउँदा दिनमा सिंचाइ कार्यको प्रगति उत्साहप्रद रहने विश्वास व्यक्त गर्दै सिंचाइमा भएका विकासका गतिविधिहरुले देशको प्रमुख अर्थतन्त्र धानिरहेको कृषि क्षेत्रको उत्पादकत्व वढाउन अन्यन्त सकारात्मक योगदान पुऱ्याउँदै आएको बारे उल्लेख गर्नु भयो । सिंचाइ मन्त्रालयका सचिव श्री रामानन्द प्रसाद यादवले उक्त समारोहमा आफ्नो मन्तव्य राख्दै उत्साहप्रद रुपमा सिंचाइ क्षेत्रको विकास निर्माण कार्यहरु भैरहेको आफूले पाएको र यसका लागि बजेटको कुनै अभाव हुन नदिई आफूले निर्माण कार्यमा गरिने सहयोगमा निरन्तरता दिने विचार प्रकट गर्नु भयो । वहांले आफ्नो मन्तव्यका क्रममा हाल सिंचाइ क्षेत्रमा विकास निर्माण कार्य तिव्रताका साथ अगाडि बढेको बारे चर्चा गर्नु भयो । मूल समारोह समितिका अध्यक्ष तथा सिंचाइ विभागका महानिर्देशक श्री राजेन्द्र प्रसाद अधिकारीज्यूले सभापतिको आसनबाट आफ्नो मन्तव्य राख्ने क्रममा माननीय सिंचाइ मन्त्री तथा माननीय सिंचाइ राज्यमन्त्री समक्ष उक्त समारोह सफल पार्न उपस्थित भई कार्यक्रमको शोभा वढाइ दिनु भएकोमा आफू र सिंचाइ विभाग परिवारका तर्फबाट कृतज्ञता प्रकट गर्नु भयो ।

उक्त कार्यक्रममा जल तथा शक्ति आयोगका सचिव, भूमिगत जलश्रोत विकास समितिका कार्यकारी निर्देशक, राष्ट्रिय जल उपभोक्ता महासंघका उपाध्यक्ष, सिंचाइ विभागका पूर्व महानिर्देशकहरु, माननीय सांसदज्यूहरु तथा सिंचाइ सम्वद्ध निकायका विज्ञ तथा परामर्शदातृहरुलाई पनि विशेष अतिथिका रुपमा आमन्त्रण गरिएको थियो । साथै विशिष्ट अतिथिहरुलाई खादा ओढाइ सम्मान गरिएको थियो । माननीय सिंचाइ मन्त्री लगायत आमन्त्रित विशेष अथितिहरुबाट कार्यक्रम कै सिलसिलामा सिंचाइ विभागको प्रागणमा नयाँ प्रविधिमा आधारित सिंचाइ प्रविधिका काठमाडौं उपत्यका स्थित विभिन्न संस्थाहरुबाट प्रदर्शित सोलार पम्प लगायत विभिन्न सिंचाइ प्रविधिहरुको अवलोकन गर्नु भयो ।



निवर्तमान माननीय सिंचाइ मन्त्री, माननीय सिंचाइ राज्यमन्त्री तथा सिंचाइ मन्त्रालयका सचिवबाट समारोहमा उत्कृष्ट जल उपभोक्ता समितिका पदाधिकारीहरु, विभिन्न विघामा उत्कृष्ट ठहरिएका सिंचाइ विकास डिभिजन, सवडिभिजन तथा आयोजनाहरुलाई पनि सम्मान गरिएको थियो । त्यसै गरेर उत्कृष्ट कर्मचारीहरुलाई पनि खादा ओढाई प्रमुख तथा विशिष्ट अतिथिहरुद्वारा सम्मान व्यक्त गरिएको थियो । यसै बर्ष देखि शुभारम्भ गरी सिंचाइ क्षेत्रमा जीवन पर्यन्त योगदान गर्ने व्यक्तित्वलाई लाइफटाइम अचिभमेन्ट सम्मानद्वारा विभूषित गर्ने कार्यको थालनी भएको छ । सर्वप्रथम सिंचाइ विभागका पूर्व महानिर्देशक श्री कर्णध्वज अधिकारीलाई उक्त सम्मानद्वारा विभूषित गरिएको छ । त्यसैगरी अनिवार्य अवकाश प्राप्त कर्मचारीहरुलाई पनि खादा ओढाई प्रशंसापत्र प्रदान गर्नु भई विशिष्ट अतिथिहरुद्वारा सम्मान व्यक्त गरिएको थियो । सोही दिन विहान



सिंचाइ विभागका महानिर्देशक लगायत अन्य उच्च पदस्थ अधिकारीहरुको उपस्थितिमा सिंचाइ सम्वन्धी नारा अंकित प्लेकार्ड ब्यानर सहितको प्रभातफेरी कार्यक्रम सिंचाइ विभागको प्रांगणबाट आरम्भ भै पुल्चोक, कुपण्डोल भई पुन सिंचाइ विभागमै आई सम्पन्न भएको थियो ।

त्यस्तै सिंचाइ दिवसको उपलक्ष्यमा विभिन्न खेलकुद तथा अतिरिक्त क्रियाकलाप सम्वन्धी प्रतियोगिताहरु आयोजना गरिएको थियो । म्यूजिकल चियर, घैंटो फुटाउने जस्ता मनोरन्जनात्मक प्रतियोगिताहरुको पनि आयोजना गरिएको थियो । सिंचाइ दिवसको उपलक्ष्यमा सोही दिन रक्तदान कार्यक्रमको पनि आयोजना गरिएको थियो । उक्त कार्यक्रममा सिंचाइ विभाग तथा परिसरका महानुभावहरुको श्रद्धाकासाथ रक्तदान गर्नु भएको थियो । यसैगरी चैत्र २४ गतेका दिन साँझ जावलाखेल मैदानमा सिंचाइ मन्त्रालय सचिव ११ तथा सिंचाइ विभाग महानिर्देशक ११ का वीच मैत्रीपूर्ण फुटवल प्रतियोगिता सम्पन्न भएको थियो । उक्त प्रतियोगितामा सिंचाइ मन्त्रालय टीम विजयी भएको थियो । मूल समारोहमा फुटवल प्रतियोगितामा विजयी टीमका तर्फबाट सिंचाइ मन्त्रालयका सचिव श्री रामानन्द प्रसाद यादवलाई माननीय सिंचाइ

## यस अंकमा

**समाचार**
- ५६ औं सिंचाइ बार्षिकोत्सव उल्लासका साथ सम्पन्न
- दशौं राष्ट्रिय सिंचाइ सेमिनार २०७४ सम्पन्न

**सम्पादकीय**
- सिंचाइमा लैंगिक समानता र सामाजिक समावेशीकरण

**तालिम/कार्यशाला/गोष्ठी**
- TST तालिम सम्पन्न
- निर्माण गुणस्तर तथा सिंचाइ तथा जल उपभोक्ताहरुको क्षमता अभिवृद्धि सम्बन्धी कार्यशाला गोष्ठी सम्पन्न

**लेख/रचना**
- अर्गली सिंचाइ योजना जलउपभोक्ता समिति
- शिक्षालाई रोजगारीसँग, रोजगारीलाई ब्यवसायिक कृषिसँग र त्यसलाई आयात प्रतिस्थापनसंग जोडौं

# सम्पादकीय

## सिंचाइमा लैंगिक समानता र सामाजिक समावेशीकरण

सिंचाइमा लैंगिक संलग्नता सम्वन्धी आवाज उठ्ने गरेको नौलो कुरो होइन । दुई दशक अघि देखि विभिन्न सिंचाइ आयोजना/प्रणालीहरुको निर्माण पुनः निर्माण गर्दा जल उपभोक्ता संस्थाहरुको गठन, वैधानिकता तथा यसको सवलीकरण गर्न यसमा महिलाहरुको सहभागितालाई जोड दिने गरिएको थियो। स्थानिय रुपमा संचालित विभिन्न कृषक कुलोहरुमा समेत महिलाहरुको सहभागिता उनीहरुको चेतना अभिबृद्धि तथा सवलीकरणका पक्षमा जोड दिइंदै आएको हो। करिव १ दशक अघिबाट बजेट निर्माण तथा त्यसैका आधारमा लैंगिक उत्तरदायी वजेटको कार्यान्वयन समेतका लागि चेतना बढाउने उद्देश्यले कार्यशाला गोष्ठी तथा तालिमहरुको पनि आयोजना भएको कुरालाई यहां मनन गर्नु उपयुक्त देखिन्छ । लैंगिक उत्तरदायी बजेटको तर्जुमा र व्यवस्थापन सम्वन्धी कार्यक्रमहरु सिंचाइमा मात्र नभई अन्य निकायहरुमा समेत प्रभावकारी रुपमा लागु गर्न विभिन्न कार्यक्रम सचेतनामूलक सन्देशहरुको प्रवाह गर्ने कार्य भै आएको हो । तर अव लैंगिक समानता तथा सामाजिक समावेशीकरणको आधारभूत आवश्यकतालाई जनतासंग प्रत्यक्ष सरोकार राख्ने सिंचाइ जस्ता अन्य विभिन्न निकायहरुमा समेत विभिन्न कार्यक्रमहरु मार्फत कार्यान्वयन गर्ने बारे सघन रुपमा छलफल, कार्यपत्र प्रस्तुति र यसका पक्षमा सवै निकायबाट यसको अवाश्यकता र महत्वलाई सहजीकरण गर्ने कार्यहरु हालका वर्षहरुमा भैराखेको देखिन्छ ।

सिंचाइ सम्वन्धी निर्माण, पुनः निर्माण, व्यवस्थापन, त्यस्तै यी कार्यहरुमा स्थानिय सरोकारवाला तथा जल उपभोक्ताहरुको प्रत्यक्ष संलग्नतालाई वैधानिक रुपमै अगाडि बढाउने कार्यहरु भैराखेको परिपेक्ष्यमा महिलाहरुको समेत अनिवार्य संलग्नताका विषयलाई जोड दिने गरिएको पाइन्छ। तर यस खाले प्रयासको वावजुद पनि अर्थपूर्ण र औचितयपूर्ण रुपमा महिला तथा समावेशी सहभागितामा अझै आशातित रुपमा सफलता हासिल भैराखेको देखिंदैन । यसका लागि भविष्यमा सिंचाइ सम्वन्धी कार्यका महिला र समावेशीकृत बढी उपभोक्ताहरुको सहभागिताले ती वर्गहरुमा जनचेतना अभिवृद्धि हुन गई भैराखेका विभेदहरुलाई न्यूनिकरण गर्न यथेष्ट सघाउ पुग्ने देखिन्छ । यसका लागि सिंचाइ मन्त्रालयबाट ठोस रुपमै GESI Guideline को व्यवस्था गरी लागु समेत गरिएको छ ।

तर पहिलो आवश्यकता र प्रयास भनेको ती संस्थाहरुमा महिला तथा उपेक्षित  जनताहरुको उचित अनुपातमा सहभागिता जुटाउन व्यापक रुपमा सचेतनामूलक गोष्ठी, सभा, प्रचार प्रसार र विद्यालयका पाठ्यक्रमहरुमा समेत यस सम्वन्धी ज्ञान र महत्व प्रष्ट पार्ने पाठहरु समावेश गरेर यस तर्फ हामी सवै लाग्नु जरुरी भैसकेको छ। सवैखाले प्रतिनिधिहरुको सहभागिता र सक्रिय रुपमा सवै पक्षको प्रयासबाट तल्लो स्तरका सिंचाइ संरचनाहरुको निर्माण, पुनः निर्माण मर्मत सुधार तथा संभार कार्यमा सवैलाई समेट्न सकेमा मात्र ती संरचनाहरुको उचित रुपमा संरक्षण, संभार र दीगो व्यवस्थापन हुने कुरामा दुइमत नहोला। यही भावना अनुरुप अगाडि बढेमा नेपालको संविधान २०७२ मुताविक हामीले परिकल्पना गरेको  कल्याणकारी व्यवस्थामा टेवा पुग्ने छ। यसै अनुसार गर्न सिंचाइ नीति २०७० मा समेत यस सम्वन्धी कार्यनीति बारे स्पष्ट उल्लेख गरिएको छ।

मन्त्रीबाट ट्रफी प्रदान गर्नु भयो । यसैगरी आयोजित विभिन्न प्रतियोगितामा विजयी कर्मचारीहरुलाई माननीय सिंचाइ मन्त्री तथा मानीय सिंचाइ राज्यमन्त्रीबाट पुरस्कार तथा प्रमाण-पत्र प्रदान गरिएको थियो । चैत्र २४ गतेका दिन सिंचाइ विभागका महानिर्देशक, उपमहानिर्देशक तथा अन्य उच्च अधिकारी समेत सम्मिलित टोलीले ललितपुरको खोकना स्थित भोर्ले कुलो सिंचाइ प्रणालीमा सरसफाई कार्यक्रमको आयोजना समेत भएको थियो ।




### दशौं राष्ट्रिय सिंचाइ सेमिनार २०७४ सम्पन्न

"Climate Smart Innovation for Sustainable Irrigation Development in CLimate Change Context" भन्ने मूल नाराका साथ आयोजित २ दिने दशौं राष्ट्रिय सिंचाइ सेमिनार भक्तपुर नगरकोटको Hotel Country Villa मा सम्पन्न भयो। उक्त सेमिनारको सत्रको प्रमुख अतिथि तथा माननीय निवर्तमान सिंचाइ मन्त्री श्री दिपक गिरीले पानसमा दीप प्रज्वलन तथा गमलामा जल सिंचाइ गरी उद्घाटन गर्नु भयो । सोही क्रममा आफ्नो उद्घाटन मन्तव्यमा प्रमुख अतिथि तथा माननीय सिंचाइ मन्त्री श्री दीपक गिरीले निर्माणमा रहेका सिंचाइ योजनाहरु चांडो भन्दा चांडो सम्पन्न  गरी सिंचित कृषि क्षेत्रमा अभिवृद्धि गर्न अति आवश्यक भई सकेको कुरा उल्लेख गर्दै निर्माण सम्पन्न भै संचालनमा रहेका सिंचाइ प्रणालीहरुमा मर्मत सुधार गरी सिंचाइ सुविधालाई सुचारु राख्न आकस्मिक कोषको स्थापना गर्न पनि त्यतिकै जरुरी भैसकेको विचार व्यक्त गर्नु भयो । उक्त सत्रको विशेष अतिथिको आसनबाट सिंचाइ मन्त्रालयका सचिव श्री रामानन्द प्रसाद यादवले सिंचाइमा भएको लगानीको प्रतिफल कृषि उत्पादनमा भएको बृद्धि तथा यसले देशको आर्थिक स्थितिमा सुधार गर्न र वर्तमान स्थितिमा पुगेको टेवालाई लिन सकिने कुरा उल्लेख गर्नु भयो। कृषिजन्य उद्योगहरुको प्रभावकारी सुधारोन्मुख अवस्थाले यसलाई इंगित गरिरहेको बारे आफ्नो विचार व्यक्त गर्नु भयो । सोही सत्रमा विशेष अतिथिको आसनबाट कृषि विभागका महानिर्देशक डिलाराम भण्डारीले कृषि उत्पादनमा उन्नत विउ विजन उचित मल खादको व्यवस्था पर्यन्त सिंचाइको भूमिका प्रमुख रहने कुरा

| | |
|---|---|
| प्रधान सम्पादक | बासुदेव लोहनी |
| सम्पादकहरु | राजेन्द्रबिर जोशी |
| | डा. राजन भट्टराई |
| | एण्डी प्रकाश भट्ट |
| | सन्तोष कोखश्रेष्ठ |
| | बासुदेव दाहाल |
| | आनन्द राज अर्यालय |
| | संचिता कडुवाल |
| कम्प्युटर डिजाइन | पद्मश्री बज्राचार्य |



उल्लेख गर्दै सिंचाइमा भैरहेको लगानीले देशको कृषि उत्पादकत्वमा वृद्धि गरी देशका गरिव किसानहरुको आर्थिक अवस्थामा उल्लेख्य सुधार ल्याउन प्रभावकारी भूमिका खेलेको आफ्नो धारणा राख्नु भयो । उक्त सत्रमा जल उत्पन्न प्रकोप व्यवस्थापन विभागका महानिर्देशक मधुकर राजभण्डारी, सिंचाइ जल उपभोक्ता महासंघका महासचिव शम्भु प्रसाद दुलाल, भूमिगत जलश्रोत विकास समितिका कार्यकारी प्रमुख जगतप्रसाद जोशी आदिले पनि आ–आफ्नो मन्तव्य व्यक्त गर्नु भएको थियो ।

यस पछि सिंचाइ राष्ट्रिय सेमिनारको प्राविधिक सत्र शुरु भयो । जम्मा जम्मी १२ वटा सेमिनार कार्यपत्रहरु ४ प्राविधिक सत्रहरुमा ३/३ वटा गरी प्रस्तुत भएका थिए । विभिन्न विषयका कार्यपत्रहरु (सिंचाइ विभाग अन्तर्गतका विज्ञहरु तथा बाहिरी संस्थाहरुमा कार्यरत विभिन्न विज्ञहरुबाट) प्रस्तुत भएको थियो । पहिलो प्राविधिक सत्रको उपशीर्षक Irrigation Improvement रहेको थियो । उक्त सत्रको संचालन सिंचाइ विभागका पूर्व महानिर्देशक तथा सिंचाइ विज्ञ श्री शारदा प्रसाद शर्माले गर्नु भएको थियो । दोश्रो प्राविधिक सत्रको उपशीर्षक Water Resource Assessment रहेको र उक्त सत्रको संचालन सिंचाइ विभागका पूर्व महानिर्देशक श्री रत्नेश्वरलाल कायस्थले गर्नु भएको थियो । पहिलो दिन दुई सत्रहरु सम्पन्न भइसकेपछि सेमिनारको दोश्रो दिन, तेश्रो तथा अन्तिम प्राविधिक सत्रहरुको संचालन गरिएको थियो । दोश्रो दिनको पहिलो सत्र Management and Economic Aspect of Irrigation भन्ने उप शीर्षकमा उपमहानिर्देशक श्री बासुदेव लोहनीको अध्यक्षतामा शुरु भएको थियो । साथै Different Approaches in Irrigation भन्ने चौथो तथा अन्तिम सत्रको अध्यक्षता जलश्रोत विज्ञ डा. उमेशनाथ पराजुलीले गर्नु भएको थियो । डा. पराजुली ले "Climate Change and Irrigation Technology विषयमा आफ्नै कार्यपत्र समेत प्रस्तुत गर्नु भएको थियो । प्रत्येक प्राविधिक सत्रको अन्त्यमा कार्यपत्रहरु बारे अन्य सहभागीहरुबाट प्रश्न जिज्ञासा प्रकट गर्ने र त्यसबारे प्रस्तोता समेतको सहभागितामा छलफलहरु भएका थिए । प्रत्येक कार्यपत्रहरु प्रभावकारी रुपमा प्रस्तुत भएको र त्यसबारे अन्य सहभागीहरुबाट समेत जिज्ञासाहरु प्रकट भएका थिए । प्रत्येक सत्रको अन्त्यमा विशिष्ट अतिथिहरुद्वारा सत्रका अध्यक्ष, टिपोटकर्ता तथा कार्यपत्र प्रस्तोताहरुलाई मायाको चिनो प्रदान गरिएको थियो ।



सवै प्राविधिक सत्रहरु सम्पन्न भैसकेपछि Past and Future of Irrigation भन्ने विषयमा Plenary Session लाई सिंचाइ विभागका उपमहानिर्देशक श्री अशोक सिंहले सहजकर्ताका रुपमा संचालन गर्नु भएको थियो । Plenary Session मा सिंचाइ तथा जलश्रोत विज्ञहरु क्रमशः श्री शारदा प्रसाद शर्मा, प्राध्यापक डा. खेमराज शर्मा, डा. उमेश नाथ पराजुली तथा जल तथा उर्जा आयोगका सहसचिव श्री माधव बेल्बासेले सहभागिता जनाउनु भएको थियो । उक्त Plenary Session मा सिंचाइ क्षेत्रको विकासका लागि पहिले भएका प्रयासहरु बारे विश्लेषण तथा देश संघीयतामा गईसकेको अवस्थामा भविष्यमा यस्ता प्रयासहरुलाई निरन्तरता दिन के कस्ता स्वरुपमा प्रस्तुत हुंदा सहजरुपमा यसलाई निरन्तर अघि बढाउन सकिने भन्ने विषयमा केन्द्रित भएर चार जना विज्ञहरुबाट आ–आफ्ना धारणाहरु प्रस्तुत



भएका थिए ।

अन्त्यमा, राष्ट्रिय सिंचाइ सेमिनारको समापन सत्र आयोजना गरिएको थियो । उक्त सत्रको मुख्य अतिथिमा सिंचाइ विज्ञ तथा सिंचाइ विभागका पूर्व महानिर्देशक श्री शारदा प्रसाद शर्मा, अन्य विशिष्ट अतिथिहरुमा जल तथा शक्ति आयोगका सहसचिव श्री माधव बेल्वासे, भूमिगत जलश्रोत विकास समितिका कार्यकारी निर्देशक श्री जगतप्रसाद जोशी, राष्ट्रिय सिंचाइ जल उपभोक्ता महासंघका महासचिव श्री शम्भु प्रसाद दुलालले सहभागिता जनाउनु भयो । मुख्य अतिथि श्री शारदा प्रसाद शर्माले राष्ट्रिय सिंचाइ सेमिनार सफलतापूर्वक सम्पन्न भएकोमा सवै सहभागीहरुलाई बधाई व्यक्त गर्दै सिंचाइ क्षेत्रको भविष्य अझ विस्तृत र अपरिहार्य जस्तै हुन गएको र यसको महत्वलाई गौण रुपमा लिन नसकिने बताउनु भयो । विशिष्ट अतिथि तथा जल तथा शक्ति आयोगका सहसचिव श्री बेल्बासेले संघीय संरचनामा नयां सोच र उद्देश्य अनुसार देशमा सिंचाइका गतिविधिहरु अगाडि बढ्ने कुरामा आफू विश्वस्त रहेको र सिंचाइ क्षेत्रको विकासले मात्र अन्य निकायको आवश्यकता स्वचालित हुने भएकोले यस निकायको महत्व र आवश्यकता अपरिहार्य भएको विचार व्यक्त गर्नु भयो ।

उक्त क्रममा भूमिगत जलश्रोत विकास समितिका कार्यकारी निर्देशक श्री जोशीले पनि आफ्नो मन्तव्य राख्नु भएको थियो । साथै नेपाल राष्ट्रिय सिंचाइ जल उपभोक्ता महासंघका महासचिव श्री दुलालले किसान र प्राविधिकको आपसी सद्भाव सहयोग तथा समझदारीताले गर्दा निकटताको सम्वन्धमा कायम भै सिंचाइ

क्षेत्रमा देखा पर्ने चुनौतीहरुको सामना गर्न जे जस्तो अवस्थामा पनि सक्षम भएका छौं भन्ने विचार व्यक्त गर्नु भयो । अन्त्यमा, सिंचाइ विभागका महानिर्देशक श्री राजेन्द्र प्रसाद अधिकारीले सभापतिको आसनबाट बोल्नै राष्ट्रिय सिंचाइ सेमिनार सफलताका साथ सम्पन्न गर्न माननीय सिंचाइ मन्त्री श्री दिपक गिरी आफू स्वयं उपस्थित भई कार्यक्रममा उत्साह संचार गरी दिनु भएकोमा विशेष धन्यवाद ज्ञापन गर्दै उपस्थित जलस्रोत विज्ञहरु, सिंचाइ सरोकारवालाहरु तथा कार्यपत्र प्रस्तुतकर्ताहरु तथा अन्य सहभागिहरुको सक्रिय सहभागितामा सेमिनार अत्यन्त सफल रुपमा सम्पन्न भएकोमा सवैमा धन्यवाद प्रकट गर्नु भयो ।

समापन समारोहमा सिंचाइ विभागका उप–महानिर्देशक श्री बासुदेव लोहनीलाई प्रस्तुत कार्यपत्रहरु बारे संक्षिप्त चर्चा गर्नु भयो भने सिंचाइ विभागका अर्का उप–महानिर्देशक श्री कृष्ण बेल्वासेले सबैमा धन्यवाद मन्तव्य राख्नु भएको थियो ।

# तालिम/कार्यशाला गोष्ठी

## TST तालिम सम्पन्न

सिंचाइ व्यवस्थापन महाशाखाको जल व्यवस्थापन शाखा अन्तर्गत रहेको एकिकृत बाली तथा जल व्यवस्थापन कार्यक्रम आ.व. २०७१/७२ देखि संचलित रही आ.व. २०७३/७४ मा सकेको छ । १५ वटा जिल्लाका १५ वटा सिंचाइ योजनाहरुलाई उक्त ३ बर्षको समयकालमा प्रत्येक बर्ष सिंचाइ कुलोको लागि मर्मत संभारको बजेट एवं कृषि उत्पादन र उत्पादत्कत्व बढाउनको लागि छुट्टै बजेट व्यवस्था गर्दै आइरहेको छ । त्यसको अलावा जल व्यवस्थापन शाखाले प्रत्येक बर्ष कम्तिमा एकचोटी जिल्लाका जिल्ला प्राविधिक टोलीलाई तीन दिने प्राविधिक तालिम (Technical Staff Training) (TST) गर्दै पनि आइरहेको छ । जिल्ला प्राविधिक टोलीले कामको सिलसिलामा उठेका चुनौति एवं समस्याहरुलाई निराकरण गर्ने र थप प्राविधिक सिप र ज्ञान प्रदान गर्ने उद्देश्यले सो तालिमको व्यवस्था गर्दै आइरहेको छ ।

त्यही सिलसिलामा यस आ.व. २०७३/७४ मा पनि विभिन्न समयमा १५ वटै जिल्लाहरुलाई समेट्ने गरी TST तालिम सम्पन्न भएको छ । सो तालिममा सम्वन्धित जिल्लाको सिंचाइ डिभिजन कार्यालयबाट इन्जिनियर, सव–इन्जिनियर तथा ए.ओ., कृषि विकास कार्यालयबाट विषयगत विज्ञ र प्राविधिक सहायक, कृषि अनुसन्धान केन्द्रबाट बैज्ञानिक र क्षेत्रिय कृषि तथा क्षेत्रिय सिंचाइ निर्देशनालयबाट एक अधिकृतको सहभागी भएको थियो ।




दाङ्, सल्यान, बांके, बैतडी, बभ्फाङ्, मध्य पश्चिमाञ्चल क्षेत्रिय निर्देशनालय तथा सुदूर पश्चिमाञ्चल क्षेत्रिय निर्देशनालयका २७ जना प्राविधिकहरुलाई मिति २०७३/१२/१५ देखि १७ गते सम्म मध्य पश्चिमाञ्चल क्षेत्रिय स्वास्थ्य तालिम केन्द्र विरेन्द्रनगर सुर्खेतमा, चितवन, धादिङ्, नुवाकोट, नवलपरासी, लमजुङ्, स्याङ्जा, मध्यमाञ्चल, पश्चिमाञ्चल क्षेत्रिय निर्देशनालयका ३२ जना प्राविधिकहरुलाई मिति २०७३/१२/२० देखि २२ गतेसम्म मध्यमाञ्चल क्षेत्रिय कृषि विकास बैक तालिम केन्द्र, विरेन्द्रनगर, चितवनमा र भ्फापा, पांचथर, धनकुटा, सिन्धुली र पूर्वाञ्चल क्षेत्रिय निर्देशनालयका २६ जना प्राविधिकहरुलाई मिति २०७४/२/८ देखि १० गतेसम्म क्षेत्रिय कृषि अनुसन्धान केन्द्र, तरहरा, सुनसरीमा ३ दिने TST तालिम सम्पन्न भएको थियो ।

उक्त तालिममा सिंचाइ विभागका उप–महानिर्देशक श्री बासुदेव लोहनीले जल उपभोक्ता समितिको सुशासन र सिंचाइ विधि सम्वन्धी, जल व्यवस्थापन शाखा प्रमुख सि.डि.ई. श्री प्रेम लासिवाले सिंचाइमा जल व्यवस्थापन र सिंचाइ तालिका बनाउने विधि, नेपाल कृषि अनुसन्धान केन्द्रका वरिष्ठ बैज्ञानिक श्री रामनाथ भ्फाले बाली उत्पादनमा प्रयोग हुने नयाँ औजार र खनजोतमा पानीको बचावट प्रविधिबारे तालिममा उपस्थित प्राविधिकहरुलाई प्रकाश पारेका थिए । यसका अतिरिक्त कृषि विभागका विषयगत विज्ञले धान खेती प्रविधि तथा विउ उत्पादन र बेमौसमी तरकारी खेती प्रविधिबारे तालिम दिएको थियो । उक्त कार्यक्रमहरुको संयोजन एकीकृत बाली तथा जल व्यवस्थापन कार्यक्रमका सिनियर डिभिजनल इन्जिनियर श्री प्रेम लासिवाले गर्नु भएको थियो ।

## निर्माण गषणस्तर तथा सिंचाइ तथा जल उपभोक्ताहरुको क्षमता अभिवृद्धि सम्वन्धी कार्यशाला गोष्ठी सम्पन्न



सिंचाइ जल उपभोक्ता संस्थाका पदाधिकारी तथा सदस्यहरुको सिंचाइ प्रणालीहरुको दीगो व्यवस्थापन तथा संचालन गर्ने कार्यमा संस्थागत रुपमा उनीहरुलाई सुदृढ तुल्याउने प्रयास स्वरुप जल उपभोक्ता संस्थाहरुको स्थानहरुमा जम्मा ३ वटा विभिन्न जल उपभोक्ता संस्थाका पदाधिकारी तथा सदस्यहरुलाई उनीहरुको संस्थागत सुदृढीकरणका लागि गोष्ठीहरुको आयोजना भएको थियो । सर्वप्रथम नवलपरासी जिल्लाको कावासोती स्थित होटल थकालीमा २०७४ जेष्ठ ५ र ६ गते कन्सरिया वरुवा सिंचाइ प्रणाली तथा वुलिङ्टार सिंचाइ प्रणालीका २५/२५ जना जल उपभोक्ताहरुका लागि सिंचाइ सम्वन्धी निर्माण गुणस्तर कायम तथा जल उपभोक्ता क्षमता अभिवृद्धि सम्वन्धी कार्यशाला गोष्ठी सम्पन्न भयो । उक्त कार्यक्रममा ११ जना महिलाहरुको समेत सहभागिता रहेको थियो । उक्त कार्यक्रमको एक दिन अगावै सहभागीहरुलाई नजिकको सिंचाइ कुलोमा निर्माण मर्मत सुधार सम्वन्धी कार्यको स्थलगत अवलोकन समेत गराइएको थियो । उक्त गोष्ठीमा स्रोत व्यक्तिका रुपमा सिंचाइ विभागका उपमहानिर्देशक श्री बासुदेव लोहनी, नवलपरासी सिंचाइ विकास डिभिजनका प्रमुख श्री चुडाराज ढकाल, सोही कार्यालयका इन्जिनियर श्री सन्देश पौडेल, सव इन्जिनियर श्री प्रकाश भट्टराई, ना.सु. श्री हेमन्त न्यौपाने

सिनियर ए.ओ. श्री उत्तमध्वज जी.सी. ले सहभागिता जनाउनु भएको थियो।

त्यसैगरी सोही विषयको बारे दोश्रो गोष्ठी लमजुङ्ग वेशीशहर स्थित तुलसी होम होटलमा २०७४ जेष्ठ १५ र १६ गते सम्पन्न भयो। उक्त गोष्ठीमा कारापुटार सिंचाइ प्रणाली र राइनासटार सिंचाइ प्रणालीका २५/२५ जना जल उपभोक्ता समितिका सदस्यहरुको सहभागिता रहेको थियो । महिला सहभागिता ५ जना रहेको उक्त गोष्ठीमा सहभागीहरुको छनौट उप–आयोजना व्यवस्थापन समिति, अनुगमन समिति, मूल्याङ्कन समिति तथा गुणस्तर नियन्त्रण समिति गरी चार उप समितिमा संलग्न उपभोक्ताहरु मध्येबाट गरिएको थियो। उक्त गोष्ठीका स्रोतव्यक्तिको रुपमा सिंचाइ विभागका उपमहानिर्देशक श्री बासुदेव लोहनी, लमजुङ्ग सिंचाइ विकास डिभिजनका प्रमुख श्री वंशीधर कोइराला, ना.सु. सन्त बहादुर श्रेष्ठ, राइनासटार सिंचाइ जल उपभोक्ता समितिका अध्यक्ष युवराज कंडेल, कारापुटार सिंचाइ प्रणालीका अध्यक्ष श्री खगराज घिमिरेले सहभागिता जनाउनु भएको थियो। १७ गते सहभागीहरुलाई नजिकै निर्माण हुन लागेको सिंचाइ कुलोको स्थलगत निरिक्षण गराइएको थियो।

तेश्रो तथा अन्तिम गोष्ठी कास्की जिल्ला, धम्पुस स्थित सनराइज होटलमा २०७४ जेष्ठ २७ र २८ गते गरी २ दिन सम्पन्न भएको थियो । उक्त गोष्ठीमा हेम्जा अन्नपूर्ण सिंचाइ प्रणालीका २५ तथा सार्दी खोला पुरनचौर सिं.प्र.का. २६ गरी जम्मा ५१ जना जल उपभोक्ता समिति सदस्यहरुको सहभगिता रहेको थियो। उक्त गोष्ठीमा १० जना महिलाहरु सहभागी हुनुहुन्थ्यो । गोष्ठीमा स्रोत व्यक्तिका रुपमा सिंचाइ विभागका उपमहानिर्देशक श्री बासुदेव लोहनी, पश्चिमाञ्चल क्षेत्रिय सिंचाइ निर्देशनालयका निर्देशक श्री शिशिर कोइराला, सिंचाइ विकास डिभिजन प्रमुख श्री तुलसीराम भट्टराई, डिभिजन कार्यालयका इन्जिनियर श्री गोविन्द भुर्तेल तथा गुणनिधि पौडेल सिनियर ए.ओ. श्री मान बहादुर थापा, कम्प्यूटर अपरेटर श्री हरि प्रसाद रिजालले सहभागिता जनाउनु भएको थियो। सहभागीहरुलाई जेष्ठ २९ गते नजिकैको सिंचाइ नहरको निर्माणस्थलको अवलोकन भ्रमण पनि गराइएको थियो। उक्त तीनै वटा गोष्ठीको संयोजन प्रणाली व्यवस्थापन तालिम कार्यक्रमका सिनियर टेक्निसियन राजेन्द्र कुमार थापाले गर्नु भएको थियो।

### अर्गली सिंचाइ योजना जलउपभोक्ता समिति

## लेख/रचना

✍परशुराम भट्टराई*

*(श्री अर्गली सिंचाइ प्रणाली जल उपभोक्ता समिति २०७३ को सिंचाइ दिवसमा उत्कृष्ट ज.उ.स. घोषित भई सम्मानित ज.उ.स. को सम्पादक मण्डल)*

पाल्पा जिल्ला सदरमुकाम देखि २५ कि.मि. पश्चिम चारै तर्फ हरियाली जंगल डाँडाले घेरिएको उत्तरतर्फ कालीगण्डकी वगिरहेको वीचमा समथर जमिन पौराणिक, ऐतिहासिक तथा सांस्कृतिक हिसावले महत्व वोकेको भगवान हृषिकेशको मन्दिर नेपालको ४ धाम मध्ये प्रसिद्ध धाम रुरु क्षेत्र धाममा पर्दछ। वि.सं. १६१५ मा सेनकालिन राजा मणिमुकुन्दसेनले भगवान हृषिकेशको स्थापना गरी पुजा आजाको लागि अक्षता गुठी राख्नका निमित्त कुरुङ खोलाको स्रोतबाट बांध बनाई अर्गली राजकुलो जेठी कुलो निर्माण गरिएको थियो । पछि जनसहभागिताबाट माइली, साहिली र कान्छी कुलाहरु समेत निर्माण गरी अर्गली राजकुलो जेठी, महिली, साहिली र कान्छी कुलाहरुबाट यस अर्गलीका जमिनमा सिंचाइ सुविधा विस्तार हुंदै गयो। चार कुलाहरुमा प्रत्येक कुलाहरुको उपभोक्ता समिति मुखिया, बैदारको व्यवस्था गरी मुखियाले पानी व्यवस्थापन तथा कुलो सफाई मर्मत गर्ने र बैदार (सचिव) ले आर्थिक सम्वन्धी व्यवस्था कार्य गर्ने गरी कार्यको विभाजन गरी परम्परागत रुपमा मुहान देखि पुच्छारसम्म जमिनको क्षेत्रफल अनुसारको पानी वितरण गर्ने साँचो बनाई समान रुपमा नमुना युक्त पानी वितरण गर्दै आएको छ। आज पनि यो प्रणाली सरल र बैज्ञानिक छ र विदेशीहरु समेत अध्ययन अनुसन्धानका लागि अर्गली राजकुलो प्रणालीमा आउने गर्दछन । यस सिंचाइ प्रणाली बारे कैयन व्यक्तिहरुले अध्ययन अनुसन्धान गरी पि.एच.डि. डिग्री समेत हासिल गरेको छन । अमेरीकाको केही विश्वविद्यालयहरुमा पाठ्यक्रममा समेत यस सिंचाइ प्रणालीको पाठ्यांस समेत नमुनाको लागि समावेश गरिएको छ। यो राजकुलो जेठी मूल नहरको लम्वाई ३ किलोमिटर छ जसमा हाम्रो पुर्खौली प्रविधिले १.५ किलोमिटर सुरुङ्ग बनाई राजकुलो जेठी निर्माण गरेका थिए। माइली, साहिली, कान्छी, कुलोहरुमा पनि सुरुङ्ग निर्माण भएका छन्। अर्गली सिंचाइ योजना भित्रका जेठी, माहिली, सहिली, कान्छी कुलाहरुमा बांध कच्ची कमजोर जमिन भिरपाखाहरुबाट कुलाहरु निर्माण भई आएकोले उपभोक्ताहरु कुलोहरु मर्मत/सफा गर्न ४०–४५ दिन सम्म २५० घरका उपभोक्ताहरुले कुलाहारा गर्नु पर्ने व्यवस्था थियो । फांटमा पानी राम्रोसंग नआउने माटो, सेउलाबाट खोलाको थुन्न पर्ने, कुलाहरुमा पानी चुहिने, पहिरो जाने आदि समस्याले किसानलाई धेरै दुखसास्ती हुन्थ्यो। पानीको पर्याप्त व्यवस्था नहुँदा किसानले दुःख गरेर उत्पादन लिन नसक्ने अवस्था थियो । जेठी माहिली, साहिली, कान्छी कुलाका उपभोक्ताहरुको भेलाले निर्णय गरी सिंचाइ मन्त्रालय, सिंचाइ विभागमा निवेदन गरी योजना मर्मत संभारको लागि सिंचाइ डिभिजन कार्यालय पाल्पा मार्फत IWRMP (विश्वबैंक सहयोगको कार्यक्रम) मा समावेश गरियो । योजना अनुसार जनसहभागिताबाट गर्नुपर्ने कामको लागि प्रतिबद्धता जाहेर गरियो। योजना स्वीकृत भयो। सिंचाइ डिभिजनबाट बोलपत्र भयो सिंचाइ डिभिजन कार्यालय र ठेक्केदार बीच सम्झौता भयो। जलउपभोक्ताबाट गरिने कार्य वा पुरा गर्नु पर्नेमा पनि काम सहमति भयो। सहमति अनुसार उपभोक्ताबाट गरिने कार्य छिटो, छरितो सम्पन्न भई नमुना योग्य भयो। प्रविधिकहरुको रेखदेख डिभिजनको अनुगमन र उपभोक्ताहरुको सक्रियता, अनुगमन सुपरभिजन, रेखदेख, गुणस्तर नियन्त्रणका साथै थुप्रै अन्य कार्यहरुमा सक्रियता देखायो। यही अनुगमनले गर्दा यसले गा.वि.स.को वडा नं. १,२,३,५,६ र ८ का सम्पूर्ण ठेकेदारहरुको काम पनि छिटो सक्रियताकासाथ कामदारहरुको व्यवस्थाले योजना समयमानै सम्पन्न भयो। यस नमूनायुक्त योजनाको प्रशंसा भयो। जिल्ला सिचाइ विकास डिभिजन कार्यालय पश्चिममाञ्चल सिंचाइ क्षेत्रिय निर्देशनालय, सिंचाइ विभाग, सिंचाइ मन्त्रालय विश्वबैंकको समेत यसमा पूर्ण सहयोग रहयो। उत्साह जनक सहभागी हुनु नै यो आयोजनाको पूर्ण सफलताको घोतक हो यसलाई यसकारण पनि नमूना योजना भएको मानियो।

४६० वर्ष पुरानो अर्गली सिंचाइ योजनाको जेठी, माहिली, साहिली र कान्छी कुलाहरु एकिकृत गरी अर्गली सिंचाइ जलउपभोक्ता समिति गठन भई आ.व. २०६८/६९ मा दर्ता भई पुनः निर्माण कार्य शुरु गरियो। आ.व. २०६९/७० मा निमार्णको काम शुरु भयो। यस योजनाको कुल सिंचित क्षेत्रफल २१५ हे. जमिनमा रहेको छ। सिंचाइ सेवा प्रदान गरिन्छ। कुल सदस्य संख्या ४९८ छ परशुराम भट्टराईको अध्यक्षतामा १३ कार्यकारी सदस्यका महिला सहितको समावेशी समिति र ५ जनाको सल्लाहकार समिति समेत गठन भएकोछ। प्रत्येक वर्ष ४ कुलाकै समितिको मातहतमा रही हिउँदे याममा सिंचाइ गर्न ब्लक सिस्टमको व्यवस्था गरी उपसमिति गठन गरिन्छ। प्रत्येक वर्ष चारै कुलाहरुको साधारण सभा भई समिति पुनः गठन हुन्छ । नगदे वाली तरकारी फलफूललाई प्राथमिकता दिई पानीको बाँडफाँड र व्यवस्था मिलाइन्छ यसले कृषि बालीको उत्पादन बृद्धि भएको छ। नगदेवाली, तरकारी उत्पादनबाट किसान आत्म निर्भर भएका छन्।

यस योजनाको मर्मतको लागि कोषको व्यवस्थाहरु गरिएको छ। प्रत्येक किसानबाट रोपनीको हिसावले सेवा शुल्क लिइन्छ। उक्त सेवा शुल्क व्यवस्थापन र कुलाहरु मर्मत गर्न कार्यमा लगाइन्छ। किसानहरु आवश्यक अनुसार परिचालन गरिन्छ। किसानहरुले प्यारो कुलोको आत्मा बोध गरी पूर्णस्वामित्व उपभोक्ता किसानहरुले लिएको छ। अर्गली सिंचाइ जलउपभोक्ता समिति २०७३ साल चैत्र २५ गर्ने सिचाइ दिवस तथा ६४ औं वार्षिक उत्सव कार्यक्रममा नेपाल भरका जल उपभोक्ता

समितिहरु मध्येबाट उत्कृष्ट दर्साई उक्त दिवसको दिन माननिय सिंचाइ मन्त्रिज्यूबाट जलउपभोक्ता समितिका अध्यक्ष परशुराम भट्टराई तथा समितिलाई प्रमाण–पत्र सहित सम्मानित गरियो। यस समिति सम्मानित भएकोमा यस समितिका तर्फबाट सिंचाइ मन्त्रालय, सिंचाइ विभाग, क्षेत्रिय निर्देशनालय, सिंचाइ विकास डिभिजन कार्यालय, पाल्पा साथै संम्पूर्ण उपभोक्ताहरुलाई धन्यबाद तथा बधाई ज्ञापन दिन चाहन्छौ। आफ्नो दायित्व पुरा गरौं देश विकासमा टेवा पुर्‍याउंछौ। जय सिंचाइ, जय देश।

---

** परशुराम भट्टराई, अध्यक्ष, अर्गली सिंचाइ आयोजना जलउपभोक्ता समिति ता.न.पा.–१४, अर्गली, पाल्पा*

## शिक्षालाई रोजगारीसंग, रोजगारीलाई ब्यावसायीक कृषिसंग र त्यसलाई आयात प्रतिस्थापनसंग जोडौं

हरिदत्त पौडेल**

### १) पृष्ठभूमि

ब्यापार तथा निर्यात प्रबर्धन केन्द्रको पछिल्लो बर्ष (सन् २०१६) को अनलाईन तथ्यांक अनुसार हालका वर्षहरुमा हामीले ३ अर्ब ३८ करोड रुपैयां बराबरका जीउँदा जनावर (खसी/बोका, भेडा/च्याङ्ग्रा, कुखुराको चल्ला र गाई) आयात गर्दछौं। त्यसै गरी हामीले बार्षिक ४३ अर्ब ४१ करोड बराबरको अन्नपात, ५ अर्ब ८५ करोड बराबरको तैयारी अन्न र पिठो, १ अर्ब १६ करोडको माछा, २ अर्ब १८ करोड बराबरको दुग्ध पदार्थ, १२ अर्ब १५ करोड रुपैयांको ताजा र सुकेका फलफल, ७ अरब ५७ करोड बरावरको चिया, कफी तथा मसला र २६ अर्ब २५ करोड भन्दा बढीको खाने तेल र अरवौंको हरियो तरकारी आयात गर्दछौं। त्यसैगरि बार्षिक १२ अर्ब २७ करोडको तेलहन, ७ अर्ब १० करोडको चिनी, बार्षिक २ अर्ब ६१ करोडको तैयारी तरकारी, २१ अर्ब ३२ करोडको आलु, बार्षिक ३ अर्ब ९० करोडको ऊन, ५ अरब ३२ करोडको कपास र ६२ करोडको रेशम आयात गर्दछौ। यो सूची लामो छ।

यो सब किन भैरहेको छ भन्दा हाम्रो कृषि पुरै निर्वाहमूखी छ, यसमा ब्यवसायिकरण र प्रविधिको प्रयोग भएन। बाटो घाटो र बजारको सुविधा नहुँदा हाम्रा गाउँघरहरुमा हरेकले आफूलाई चाहिने हरेक चीज आफै उब्जाउने हाम्रो परम्परा आजको जस्तो बाटो–घाटो र बजारको अर्ध विकसीत अवस्थामा पनि हामीले त्यागन सकेनौं। बाबु बाजेले जुन जुन मितिमा जे जे रोपे, जे जसरी खनजोत र गोडमेल गरे त्यो पात्रो र परम्परालाई हामीले त्यागन सकेनौं। ७३% (प्रतिशत) जनताहरु कृषिमा आश्रित हाम्रो देशमा राष्ट्रिय आयमा यसको योगदान ३२% मात्र छ।

### २) ब्यवसायिक कृषिमा हुँदै गरेका प्रयासका केहि उदाहरणहरु

२०६९ सालमा गुल्मी बेसिचौरका ज्ञानहरि ज्ञवालीले आफ्नो ६ वर्षे लिचीको बोटमा फलेको लिची रु. ९ हजारमा बेच्न मानेनन्, १२ हजारको लिची फलेको छ त्यहाँ भनेर। उनले अझै अगाडि थपे – "जबसम्म मसंग ३० बोट यस्ता लिचीहरु तैयार हुँदैनन् तब सम्म म १ गेडा पनि बेच्दिन, बाँडेर सक्छु। ३० बोटमा १२ हजारका दरले लिची बेच्दा प्रति वर्ष रु. ३ लाख ६० हजार आम्दानी हुने रहेछ। CMIASP को सिंचाइ योजना निरीक्षण गर्न २०७१ साल असोजमा तेन्हथुमको हात्तीसार पुग्दा देखियो एक जना किसानले धान लगाउदै आएका आफ्नो सात रोपनी खेतमा आँट गरेर २०७० सालमा अदुवा खेती गरे। स्थानीय बजार भाउमा २५ मुरी धान फल्ने खेतबाट रु. ६२,५०० को सट्टा एकै वर्षमा रु. ६ लाखको अदुवा बेचे। २०७० सालमै संखुवासभाको आँखिभुई पुग्दा सुन्न पाईयो एक जना किसानले एक वर्ष २०० मन अलैंची बेचेर एउटा डोजर किनेर चलाउन थालेका छन्। तेन्हथुमको खाम्मालुङमा २०७० सालमा पुग्दा अलैंची बारीलाई छहारीको काम गर्न रोपेको उत्तिस बेचेर एक जनाले रु. १९ लाख र अर्कोले रु. १६ लाख रुपैया पारेछन्। मैले तपाईहरुको गाउँमा सबै भन्दा धेरै उत्तिसको काठ कोसंग कतिको छ ? भनि सोध्दा घरमै किनारा पसल चलाउने श्रृजना लिम्बुले भनिन् – सर मसंग रु. ५२ लाखको काठ छ। मैले सोधें तपाईको जग्गाको भाउ कति छ नि ? प्रति रोपनी ७ हजार मात्र। जग्गा के भन्नु खोरिया मात्र। परार साल भोजपुरको देउराली जाँदा देखाए र मलाई भने – "सर एकै बर्ष अढाई लाखको रुद्राक्ष फल्दा रुख कुर्न राती रुखको फेदमै सुत्दा गुण्डाहरुले बुढालाई मारेर रुद्राक्ष चोरेको रुख यही हो"। संखुवासभाको सवाखोलाको माइक्रो–हाइड्रो पावर प्लान्ट नेरबाट तुम्लिङटारसम्म नहर ल्याउन सकिन्छ कि भनि हेर्न जाँदा एक जना किसानले एउटा बोराको पोको हाम्रो गाडीमा चढाएर उकालो कटाई दिन आग्रह गरे। मैले राख्नोस् र बस्नोस् पनि भने। ठट्टा गरि सोधें–आफ्नै गाडीमा गाउँ बेसी गर्दै खेती पाती गर्न पाए कति सजिलो हुन्थ्यो होला दाई ? उनले मलाई बचनले झापड हान्दै भने–अबका २ वर्षमा आफ्नै गाडी किन्छु सर"। कसरी ? मैले सोधें। उनले भने – दाना (रुद्राक्ष) बेचेर"। एकै छिनमा उनको घर पुग्दा देखियो बारीका डिलमा लगाएका १०–१५ वटा रुद्राक्षबाट त्यही साल रु. ७ लाख पारेछन्। रुख हुर्कदै जाँदा आम्दानी पनि बढ्दै जाने भयो।

स्याङजा जिल्लाको तुलसी भन्ज्याङमा रहेको जिमुहा कृषि उपज कृषक सहकारी मार्फत सिंचाई विभाग र कृषि विभागको संयुक्त प्रयत्नमा IWRMP कार्यक्रमवाट प्रवर्धित व्यावसायिक आलु खेती २७ हेक्टर क्षेत्रफलमा फैलिएको छ। उनीहरुले मुख्यतया उन्नत जातको आलुको बिउ उत्पादन गरी बिक्री गर्दै आएका छन्। त्यहांका एक मेहेनती, उत्साहित र अगुवा कृषक श्री रुमलाल कंडेलले ४० रोपनी जग्गामा लगाएको आलु खेतीवाट वार्षिक रु. ७ लाख आम्दानी हुने कुरा २०७४ साल वैशाखमा कृषक अवलोकन भ्रमणको क्रममा बताए। उनी पुरै कालीगण्डकी उपत्यकालाई आलुको राजधानी बनाउने दिशामा प्रयत्नशिल छन्।

कृषक अवलोकन भ्रमणकै क्रममा मिति २०७४/१/८ गते चितवन जिल्लाको शुक्रनगरमा रहेको अभियान वहुमुखी तरकारी फार्म पुग्दा फार्मका व्यवस्थापक श्री गणेश प्रसाद भूसालले ५–७ वर्ष पहिला अर्घाखांचीवाट आफू खाली हात चितवन आएर स्थानीय स्कुलको ४ विघा जग्गा भाडामा लिएर तरकारी खेती शुरु गरेको र हाल उक्त तरकारी खेती ८ विघा जग्गामा विस्तार भएको वताए। उनले मौसमी/वेमौसमी भण्टा, कांक्रो, करेला, भिण्डी,लौका, भेंडेखुर्सानी आदि तरकारी खेती गरी रहेको देखियो। कुनैपनि सरकारी निकायवाट अनुदान लिनको लागि वढी झ्णझटिलो लागेर आफूले त्यसमा प्रयास नगरेको र एक दिन आफनो फार्मवाट वाहिर निस्कदा सरदर ५०–६० हजार घाटा हुने कुरा समेत वताए। वार्षिक रुपमा हुने खर्च र आम्दानीको हिसाव दशैंमा हुने र सवै खर्च कटाई वार्षिक रु. ५० लाख नाफा भएको कुरा हामीलाई बताए।

म्याग्दीमा जन्मेका पोखराको सैनिक बस्तीमा हुर्केका ३५ बर्षीय प्रकाश थापा मगर तनहुँको दमौलीमा बसेर दुम्सीचौरको खरवारी १० वर्षको लागि जग्गा भाडामा लिएर एक वर्षमा १ करोड दाना गोलभेंडा उत्पादन गरेर प्रति दाना रु १ मा विक्रि गरि रु. १ करोडको उत्पादन बेच्ने महान् अभियानमा लागेका थिए। ब्रिटीश लाहुरेका छोरा, सैनिक बस्तीको १५ रोपनी जग्गा, सन् २००९ को तेक्वान्डोको विश्व च्याम्पियनको पदक, सन् २००८ एसियाडमा तेक्वान्डोमै नेपाललाई दिलाएको रजत पदक, ४९ देश घुमी सकेको अनुभव र अमेरिकाको भिषा सब बिर्सेर उनी आफैं

पसीना काढेर माटोसंगै जुधि रहेका छन्, २४ सै घण्टा हस्याङ्ग फस्याङ्ग गर्दै । गत बर्षे ३ पटकसम्म परेको असिनाबाट टमाटर खेतीमा भएको लाखौंको क्षतिबाट समेत हरेश नखाई गतसालबाट नजीकैको मूलपानीमा १०० रोपनी जति जग्गा भाडामा लिएर आधुनिक रुपले तरकारी खेती तर्फ अघि बढिरहेछन् ।

गत बर्ष लम्जुङ्गको राईनासटार पुग्दा देखियो जीताका २ जना आँटिला हरिराम र नबराज पौडेल दाजु भाईले १६० रोपनी जति जग्गा किनेर माछा पालन ब्यावसाय शुरु गरेका रहेछन् । १२० रोपनीमा २३ वटा पोखरी बनी सकेका रहेछन् । अब ४० रोपनी जग्गामा माछा पोखरी बिस्तार गर्ने र त्यहाँ झण्डै १५० मी. लामो पोखरीमा डुङ्गा चलाउनको समेत व्यवस्था मिलाउने । मैले सोधें अंकल यो माछा कहाँ बेच्नुहुन्छ ? उनले भने सबै यहीबाट बिक्री हुन्छ । नाकाबन्दीका कारणले दाना पाउन समस्या भएकोले उत्पादन संतोषजनक थिएन । तैपनि सहज अबस्थामा बार्षिक १ करोडको हाराहारीमा माछा बेच्ने लक्ष्य उनीहरुको छ । त्यस्तै त्यहाँ थप लगानी र चुस्त ब्यवस्थापनको अभाव खड्किरहेको देखिन्छ ।

मैले यहाँ उल्लेख गरेका कोही पनि किसानले कृषिको औपचारिक शिक्षा लिएका छैनन् । त्यो लिएरै ब्यवसाय गरेका भए कति सवल हुन्थे होलान्, तीनको ब्यवसाय कसरी फस्टाउथ्यो होला ।

**३) शिक्षाको पर्षनसंरचनाबाट काम शषरु गरौ**

हामीले हाम्रो देशको प्राकृतिक श्रोत साधनलाई विकास नगरी देशको अर्थतन्त्र सुधार गर्न सक्तैनौं । त्यसको पहिलो शर्त भनेको मानव संसाधनको विकास नै हो । हामीलाई खाँचो परेको शिक्षित जनशक्ति होइन,सीपयुक्त जनशक्तिको हो । जबसम्म हामीले प्रत्येक विद्यालयलाई एउटा सम्भावनायुक्त विद्यालय र प्रत्येक बच्चालाई एउटा संभावना बोकेको बच्चाको रुपमा डोऱ्याउन सक्तैनौं तबसम्म देश विकास र आर्थिक उन्नति एउटा कोरा कल्पनामा मात्र सीमित रहन्छ । यो स्कूलमा यो विषय पढेको मेरो बाच्चा भविष्यमा एउटा दक्ष र सीपयुक्त नवयुवा भएर निस्कन्छ भन्ने विश्वास अभिभावकहरुमा नजागुन्जेल शिक्षामा गरेको हाम्रो लगानी वालुवामा पानी सरह नै हुँदैन र ?

हामी आज शिक्षाका नाममा बेरोजगार युवाहरुको उत्पादन गरिरहेछौं । जसको सीपले हाम्रो देशमा र विदेशमा दक्ष रोजगारी पनि प्राप्त गर्दैन र उसले अदक्ष रोजगारीको पेशा पनि अगाल्दैन । त्यसैले अव हामीले सबभन्दा पहिला हाम्रो देशको शिक्षालाई पुर्नसंरचना गर्नु पर्दछ । एउटा १८ वर्षे युवालाई हामीले कक्षा ८ देखि १२ कक्षासम्म यहाँको हावापानी, माटो, उचाई, तापक्रम, वर्षा, सिंचाइ, प्राकृतिक स्रोतसाधन र बजारको उपलब्धता आदिको विष्लेषण गरेर गाईपालन, बाखापालन, कुखुरापालन, हाँसपालन, मौरीपालन, तरकारीखेती, जडीबुटीखेती, फलफूल खेती, सुन्तला-कागती खेती, स्याउखेती, केराखेती जस्ता भेट्नरी र कृषि शिक्षा वा कुक, डकर्मी, सिकर्मी, मेकानिक्स, इलेक्ट्रीसियन, फेब्रिकेटर, पेन्टर, वेल्डिङ्ग, गहना बनाउने, जुत्ता बनाउने,कपाल काट्ने आदि जस्ता प्राविधिक शिक्षाका एक-एक विषय प्रत्येक वर्ष पढाई दियौं भने १२ कक्षा पास भएको भोलिपल्ट देखि उसले मलेसिया, अरव र चोरबाटोबाट यूरोप र अमेरिकामा भिसा लगाउन एजेन्टहरुलाई पैसा र पासपोर्ट बुझाउनै पर्दैन । आफ्नो सीप, लगानी र बजारको अनुकूल एउटा ब्यावसायमा हात हालिहाल्दछ । अरवै गए पनि दक्ष म्यानपावरको रुपमा २–३ हजार रियाल खाने गरेर निशुल्क भिसामा उड्दछ । त्यसैले हामीले हाम्रो शिक्षामा यसै अनुरुप पुर्नसंरचना गर्दै गाउँ-गाउँमा शिक्षा पढाउन खुलेका उच्च मा. वि. हरुलाई ब्यावसायीक स्कूलमा परिणत गर्नु परेको छ ।

**४) उच्च शिक्षामा पर्षनसंरचना र उच्च प्राविधिक शिक्षामा जोड**

हामीलाई थाहा छ, बहुदल आउनु अघि र बहुदल आए पछि पनि नेपालका धेरै प्रधानमन्त्रीहरुले भारत गएर कोहलपुर–वनबासा खण्डका ११ वटा ठूला पुलहरु बनाई दिएर पूर्व–पश्चिम राजमार्ग पुरा गरिदिन धेरै पटक भारतलाई अनुरोध गरे । अहिले १५–२० वर्ष देखि पुल्चोक क्याम्पसमा मास्टर डिग्रीमा Structural Engineering को कोर्ष पढाई हुन थाले पछि हामीले हाम्रै वरपरका मादी, मर्स्याङ्दी, सेती, काली गण्डकी र आँधी खोलाहरुलाई पुलैपुलले बाँधि सक्यौं । देशमा अन्यत्र पनि धेरै पुल बनिरहेकै छन् ।

त्यसैगरी १०–१२ वर्ष पहिलेसम्म हामीले १–२ मेगावाटको जलबिधुत योजना बनाउन पनि विदेशवाटै इञ्जिनीयर ल्याउनु पर्दथ्यो । पुल्चोक क्याम्पसमा Msc. in Water Recourses Development बिषयको पढाई हुन थालेपछि अहिले हामी आफैले २५–३० मेगावाटका प्रोजेक्ट डिजाइन गर्न सक्ने भएका छौं । त्यसैले, अब हामीले हाम्रो देशको प्राविधिक स्रोत साधनको विकास गर्न र पूर्वाधारको सहज पहुँच बढाउन राज्यले उच्च प्राविधिक शिक्षामा जोड दिनै पर्दछ । देशमा कि त प्राविधिक जन्मिउन्, कि त वैज्ञानिक र ब्यवस्थापक जन्मिउन् । ताकि शिक्षालाई सीप युक्त जनशक्ति निर्माण गरि रोजगार मुलक बनाउन सकियोस् । धेरै पछि आएर हालैदेखि त्रि. वि. ले इञ्जिनीयरिङ्ग जियोलजिमा ५० जना विधार्थी पढाउन शुरु गरेको छ । अबको १० वर्षमा यसको असर प्रत्क्षय देखिने छ । अब हामी पहाड छेड्न थाल्ने छौं र त्यहाँवाट सडक, रेल र पानीका लाईन पास गर्ने छौं । पहाडै पहाडको देश भित्र पनि तराईकै जस्तो समथर अनुभव गर्न सक्ने छौं ।

**५) रोजगारीलाई ब्यवसायसंग र ब्यवसायलाई उधोगसंग जोडौं**

फगत् रोजगारी श्रृजना भन्दा पनि त्यस्तो रोजगारी अरुलाई समेत दिलाइ ब्यवसाय श्रृजना गर्ने खालको होस् । उदाहरणको लागि एउटा अलैंची किसानले लगाएको उत्तिसको बोटलाई हेरौं । यो १२–१३ वर्षमा काट्न योग्य हुन्छ । काट्नलाई, मुढा बनाउन र बाटोसम्म ढुवानी गर्दा यसले अरु कामदारहरुलाई समेत रोजगारी दिन्छ । त्यसपछि कच्ची बाटोमा ट्याक्टरले ढुवानी गर्ने काम पाउँछ । पक्की बाटो पुगेको ठाउँबाट ट्रकले मुढा संकलन गरि बजारसम्म ढुवानी गर्दछ । ट्रक ब्यावसायीहरुले पनि लाभ लिन्छन् । बजारमा मुडा चिर्ने र प्लाइउड बनाउने स:मिलहरुले यसवाट प्लाइउड बनाउछन् । जसलाई स्थानिय सिकर्मीहरुले फर्निचर बनाउने र बजारमा ब्यापारीहरुले फर्निचर बेच्ने ब्यवसाय गर्दछन् । त्यसै गरी प्लाइउड सीधै भारत निकासी पनि हुन्छ । हामीले अब यस्तै किसिमको रोजगारी, ब्यवसाय र उद्योगको संजाल/श्रृंखला निर्माण गर्नु परेको छ । यस्तो श्रृंखला (chain) फलफूल प्रसोधन गरी जुस वा फ्लेवर बनाउने वा पशुपालन देखि प्रशोधित मासु र छाला प्रशोधनलाई जोड्ने, तरकारी उत्पादन देखि सस उत्पादनसम्मलाई जोड्ने, चुनढुंगा-सिमेन्ट उद्योग र शहरीकरणलाई जोड्ने आदि गर्न सक्नु परेको छ ।

**६. फार्म मोडलको कृषि र सिंचाइ**

कृषि विकाससंग सम्वद्ध कृषि, पशु विकास र सिंचाइ जस्ता निकायहरुले अव समूहमा आधारित कार्यक्रमहरुवाट माथि उठेर फार्म मोडेलको कृषिमा जोड दिनु आवश्यक भएको छ । अव हाम्रो लगानी र ध्यान युवाहरुमा केन्द्रित गरी उनीहरुलाई प्राविधिक ज्ञान, लगानी, यन्त्र, उपकरण, प्रयोगशाला र आधुनिक प्रविधिले सु-सज्जित गर्न सक्नु परेको छ । अव कृषि सम्वन्धी हाम्रा लक्ष्यहरु किटान गर्दा कुन ठाउँमा कुन कुन किसिमका कतिवटा यस्ता कृषि फर्महरु स्थापना गर्ने ? र तिनवाट कति कति परिमाणमा कुन कुन उत्पादन गर्ने भन्ने हुनु पर्दछ । त्यस्ता

ठाउँमा कुन किसिम र प्रविधिको सिंचाइ उपयुक्त हुन्छ ? तत्कालै त्यस किसिमको सिंचाइ सुविधाको व्यवस्था मिलाउन सक्नु पर्दछ । तर दुःखको कुरा हालसम्म यस्ता व्यक्तिगत कृषि फार्महरुलाई अनुदानमा दिने गरी सिंचाइ पूर्वाधार पुर्‍याउने किसिमको नीति, निर्देशिका र कार्यक्रम नै बनेका छैनन् ।

एउटा पकेट वा ब्लकमा रहेका सवै किसानहरु मिलेर अभियानको रुपमा एकै किसिमको खेती (वाली) लगाएर यही फार्म मोडेललाई समूहमा स्थापित गर्न पनि सकिन्छ । हालै सवैको प्रयास स्वरुप जिल्ला कृषि विकास कार्यालय र सिंचाइ विकास डिभिजनले मिलेर संयुक्त रुपमा तनहुँ जिल्लाका ८ वटा सिंचाइ योजनाहरुको सिंचित क्षेत्रमा अभियानकै रुपमा आ.ब. ०७३/७४ मा ४३ मेट्रिक टन आलुको बिउ अनुदानमा कृषकहरुलाई उपलव्ध गराई आलु खेतीको अभियान शुरु गर्न सक्यौं । ५०% अनुदानमा उन्नत जातको आलुको बिउ पाइएको, ६ वटा सिंचाइ योजनामा १६ हप्ते IPM कृषक पाठशाला संचालन गरिएको र उत्पादित आलुलाई कोल्ड स्टोरसम्म लगेर भण्डारण गर्ने व्यवस्था मिलाइएकोले गर्दा यो कार्यक्रमले व्यापक सफलता पायो । भानु कृषि सहकारी संस्थाले चुंदी क्षेत्रमा उत्पादित सवै बिउयोग्य आलु किसानहरुवाट खरिद गरी भरतपुरमा लगि कोल्ड स्टोरमा भण्डारण गरेको छ । अन्यत्र किसानहरुले उत्पादन गरेको बिउआलु समूहमा जम्मा गरी पोखरा र भैरहवामा लगि शित भण्डारण गरेका छन् । हामीहरु अवका दिनहरुमा यस्तै कार्यक्रम क्रमशः गांजर, लसुन र केरामा गर्न ईच्छुक छौं ।

**७) तत्काल आयात प्रतिस्थापन गर्न सकिन्छ**

हामीले कृषिमा व्यवसायीकरण गरेर तत्काल विदेश निर्यात गर्न नसके पनि खरवौंको रुपैंया आयात प्रतिस्थापन गर्न सकिन्छ । किन हामीले बाहिरबाटै ल्याएको स्याउ, केरा, अनार, सुन्तला, भूइकटहर, आलु, प्याज, लसुन, तरकारी, तेल, मसला, चिनी र माछा खानु पर्ने ? यति चीजमा हामी आत्म निर्भर हुन सकिंदैन र ? हामी गरिब भएको देशमा रेमिट्यान्सबाट आएको पैसा सबै खाद्यान्न, मासु, फलफूल, कपडा, इन्धन, धातु, गाडी, इलेक्ट्रोनिक्स् आदि आयातका नाममा पैसा पुनः विदेश जाँदा मुद्रा संचिति नभएरै हो । स्याउ, सुन्तला, आँप, लिची पाके पछि बेचेर नसकिएमा त्यसको फ्लेवर बनाई जुस बनाएर बेच्न सक्यौं भने कस्ले खान्छ गर्मीमा कोक, फेन्टा यसो गर्नलाई ठुला राष्ट्रिय ब्यापारीहरुले समेत कृषिमा लगानी गर्ने वातावरण बनाउन सक्नु परेको छ ।

**८) निस्कर्ष :**

शिक्षालाई रोजगारीसंग जोड्ने, रोजगारीलाई ब्यवसायसंग जोड्ने र ब्यावसायलाई उद्योगसंग जोड्ने गरि राष्ट्रिय अभियान चलाउन सकेमा हाम्रा प्रमुख प्राकृतिक स्रोतहरु जस्तै माटो, पानी, मानव र जंगलको उपयोग हुन गै हामी कृषि क्षेत्रमा क्रमशः आत्मनिर्भर बन्दै देश भित्रै रोजगारी श्रृजना गर्ने, आयात प्रतिश्थापन गर्ने र मुद्रा संचिति बढाउने दिशामा अग्रसर हुन थाल्नेछौं । यसबाट हाम्रो आयस्तर र जीवनस्तर बढ्न सक्तछ ।

*** श्री पौडेल, सिंचाइ विकास डिभिजन, तनहुँमा सि.डि.ई. पदमा हुनुहुन्छ ।*

- हरेक महिनाको पहिलो र तेस्रो सोमबार साँझ ७ बजे देखि ७:१५ सम्म NTV Plus बाट प्रशारण हुने सिंचाइ कार्यक्रम हेर्न नभुल्नु होला ।
- हरेक शुक्रवार विहान ९:२० देखि ९:३५ बजेको समयमा रेडियो नेपालबाट सिंचाइ सरोकार प्रशारण भैरहेको छ सुन्न नभुल्नु होला ।

श्री ____________________

____________________

____________________

____________________

**सिंचाइ व्यवस्थापन महाशाखा**
**पोष्ट बक्स २०५५**
**जावलाखेल, ललितपुर, नेपाल**

**सिंचाइ विभागवाट प्रकाशित फोन नं.** ५५२७१५१, ५५२७९८५, **फ्याक्स** ५५२७९८५, Email: smtp@doi.gov.np